सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १४६ ♦ २०८१ साल पुस २१ गते आइतवार ♦ 5 Jan 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जनताको अधिकारको रक्षा र लोकतन्त्रलाई थप सुदृढ बनाउन पनि संविधान संशोधन आवश्यक : उप्रधान मन्त्री सिंह

**खबर दर्पण समाचारदाता**

**पुस २० गते, बर्दिवास**

उपप्रधान तथा सहरी विकाश मन्त्री प्रकाशमान सिंहले जनताको अधिकारको रक्षा र लोकतन्त्रलाई थप सुदृढ बनाउन पनि संविधान संशोधन आवश्यक भएको बताएका छन् ।



महोत्तरीको बर्दिवासमा नेपाली कांग्रेस महोत्तरीले शनिवार राखेको कांग्रेस कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त गरीएको हालको उपलब्धिलाई रक्षा गर्न सबै एक जुट हुनुपर्ने आवश्यता औल्याए।

२०४६ साल अघिको निरंकुश ब्यवस्था र २०७२ को संबिधानले मुलुकले प्राप्त गरेको उपलब्धिलाई एकै साथ तुलनागर्न नहुने उनको भनाई थियो । मन्त्री सिंहले अहिलेको गठबन्धनको सरकार जनताको नैरास्यता चिर्न बनेको भन्दै यसअघि छिटो छिटो सरकार परिवर्तन हुने कारणले जनतामा नैरास्यता पैदा भई सरकारप्रति नै अविश्वास बढ्दै गएको जनाए। उनले देशभित्र देखिएको राजनीतिक स्थिरताका कारण लोकतन्त्र प्रति नकारात्मक दृष्टि पैदा हुन सक्ने खतरा आउन लागेकाले समेत हालको गठबन्धन सरकारको बिकल्प नरहेको उल्लेख गरे ।

कांग्रेसका उप सभापती समेत रहेका उप प्रधान मन्त्री सिंहले जनताको आन्दोलन,संघर्ष र बलिदानीबाट प्राप्त अधिकारको रक्षा गर्दै लोकतन्त्रलाई थप सुदृढ गर्न लोकतान्त्रीक अभ्यासका क्रममा सम्बिधान निर्माणमा गरिएका कमि कमजोरी समाधानका लागि संविधान संशोधनको प्रक्रिया अघि बढाइएको उपप्रधानमन्त्री सिंहको दाबी थियो । यसका लागि दलहरूभित्र सम्यन्त्र गठन गरी संविधान संशोधनका लागि काम समेत सुरु भइसकेको

*बाँकी पृष्ठ २ मा*

## पूजाको कप्तानीमा विश्वकप खेल्ने महिला टिम घोषणा

**खबर दर्पण समाचारदाता**

**पुस २० गते, बर्दिवास**

नेपाल क्रिकेट संघ (क्यान) ले यू १९ महिला विश्वकप टी २० क्रिकेटका लागि नेपाली टिम घोषणा भएको छ ।

क्यानले विश्वकप टी २० क्रिकेटका लागि शनिबार १५ सदस्यीय टिम घोषणा गरेको हो । १८ जनवरीदेखि २ फेब्रुअरीसम्म मलेसियामा हुने प्रतियोगितामा नेपाली टिमको नेतृत्व पूजा महतोले गर्नेछिन् । टिममा उपकप्तानको जिम्मेवारी सोनी पार्खिनले पाएकी छिन् । १५ सदस्यीय टिममा महतो, पार्खिन, सना प्रविन, ज्योत्सिनिका मरासिनी, कुसुम गोदार, अलिशा कुमारी यादव, सावित्री धामी, त्रिसना बिके, किरण कुमारी कुँवर, रिया शर्मा, सिमाना केसी, अनु कडायत र करिश्मा गुरुङ रहेको क्यानले जनाएको छ ।



## चिसोबाट प्रभावितलाई नेपाली सेनाको मण्डि (कम्बल) राहत



**खबर दर्पण समाचारदाता**

**पुस २० गते, बर्दिवास**


देशभर बढ्दै गरेको चिसोलाई मध्यनजर गर्दै चिसोबाट प्रभावित मटिहानी नगरपालिका

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनताको अधिकारको रक्षा र लोकतन्त्रलाई थप सुदृढ.....

उनले जनाए। उनले भने, अहिले मुलुकको राजनीति २०१७ सालपछिको पुस्ताले हाँकीरहेका छन । पार्टीको गतिविधि, कार्यशैली र सूचना सम्प्रेषणमा त्रुटी कमजोरी छ जस्का कारण कार्यकर्ताले असहज र अप्ठ्यारो महसुस गरीरहेका छन् ।

यसको समाधानकालागी गुनासो गरेरभन्दा पनि सबै क्रियाशील भएर लाग्दा मात्र समाधान हुन सक्ने मैले बिश्वास लिएको छु।

सम्बोधनकै क्रममा बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लाद कुमार क्षेत्रीले २०७४ साल देखीनै आफु बर्दिवासको बिकास निमार्णको काममा सहभागी हुदै आएको बताए। उनले बिगतको बर्दिवासलाई फर्केर हेर्दा र अहिलेको बर्दिवासलाई नियालेर हेर्दा आङ्ग+ नो अढाई बर्षको कार्यकालमा बिकासले छलाङ्ग मारेको दाबी गरे। उनले भने मेरो कार्यकालमा संघिय सरकार र प्रदेश सरकाबाट पनि धेरै बिकास निर्माणका कामहरु भएका छन् । देशको कुनैपनी स्थानमा एकैपटक बिकासको कायापलट भएको छैन बिकास भनेकै चरणबद्ध किसिमले एकपछी अर्को हुँदैजाने प्रक्रिया हो ।

बर्दिवास नगरपालिका अहिले चरणबद्ध किसिमले बिकासको प्रक्रियामा अघिबढिरहेको छ । बर्दिवासको बिकासकालागी सबैसंग सहमती र सहकार्यको हात अघि बढाएका छौ । नगर पालिकाको श्रोत र साधनले बिगतमा ७ सय मिटर मात्रै कालोपत्रे भएको थियो तर अहिले मेरो कार्यकालमा २५ किलोमिटर कालोपत्रे सडक निर्माण भईसकेका छन । नगर पालिकाको बजेटबाट दुईवटा पुल ठेक्का लागेर कामशुरु भईसकेको छ । १५ शैयाको नगरको सरकारी अस्पताललाई स्तरोन्नती गर्दै ५० शैया बराबरको सेवा दिन सफल भएका छौ । नगरभित्रका सबै वडा कार्यालयहरुका आङ्ग+ नै भबन निर्माणगरी त्यहिबाट सेवा सुचारु गर्ने प्रक्रियामा छौ। नगर पालिका भित्रको मुसहर समुदायलाई १ लाख बराबरको जिबन बिमाका साथै वडा नम्बर १० का मुसहर समुदायकालागी मधेश प्रदेश सरकारले निर्माण गरेको जनता आवास कार्यक्रम अतरगतको प्रत्येक घरमा बिजुलीको मिटर जडान नगर पालिकाको बजेटबाट गरीदिएका छौ। बर्दिवास भित्रबाट निस्कने फोहरमैलाको उचित ब्यवस्थापनगरी फोहरलाई मोहर बनाउन नगरपालिकाले फोहर प्रशोधन केन्द्रको स्थापना गरेको छ जस्को परिणाम चाडै नै बर्दिवास हरीत बर्दिवासमा परिवर्त हुँने बिश्वास गरीएको छ ।

शिक्षाको बिकासमा नगर पालिका अब्बल छ । नगरका सबै सामुदायिक बिद्यालयमा शिक्षक दरबन्दि मिलान गरीएको छ । अधिकाशं सामुदायिक बिद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन भईरहेको छ । नगर भित्रका असहाय तथा बिपन्न जेहन्दार,द्वन्द्ध पिडित बिद्यार्थीलाई नगरपालिकाले हरेक बर्ष छात्रबृतीको ब्यवस्था गरेको छ ।

नगरवासी बिरामी परेर दुर्घटना तथा अन्य कारणले रगतको कमिहुँन गएमा रक्त सञ्चारकेन्द्र संग समन्वय गरी निशुल्क र गतको ब्यवस्था मिलाएका छौ । बिपदमा परेका नगरवासीलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा बिपद राहतकोषको ब्यवस्था गरी आर्थिक सहयोगको ब्यवस्था मिलाएका छौ । बैदेशिक रोजगारको क्रममा मृत्यु भएकालाई आर्थिक अवस्थाहेरी काजक्रिया खर्च तथा रोजगारकै क्रममा बिदेशमा समस्यामा परेकालाई उद्धार र सहयोगको ब्यवस्था नगर पालिकाले गरेको छ। त्यसका साथै बर्दिवास सर्प दंशको मुख्य प्रभाबित क्षेत्र भएकाले बर्दिवासका नागरिकलाई सर्पले टोकेमा निशुल्क उपचारको ब्यवस्था नगरपालिकाले मिलाएको छ । नेपाल कृषी प्रधान देश भएकाले नगरभित्रका कृषी क्षेत्रलाई उत्पादन र बजारीकरण को योजना अघि सारीएको छ । जसकालागी अनुदानमा बिउ बिजनको ब्यवस्था गरीएको छ ।

बिउ बिजन र मलखादको समस्याको अन्त्य गरीएको छ । कृषीलाई प्रबद्धनगर्न नगरका खेती योग्य जग्गामा २ बर्ष भित्र ७० थान बोरीङ्ग गाडीएको छ, भने ३० वटा ईनारहरु खनिएका छन ।

त्यसका साथै नगरपालिकाले खेत,खेतमा पानी उत्पादनबाट आम्दानी भन्ने योजना सहित नगरपालिकाका कृषी पकेट क्षेत्रमा कृषि बिद्युतीकरणको काम थालिएको छ । नगरभित्र खेलकुदको बिकासकालागी प्रत्येक वडामा खेलकुद क्लबहरु गठन गरिएको छ । खेलाडीहरुलाई पोशाक, खेल सामाग्री तथा प्रशिक्षकहरुलाई बिभिन्न सुबिधाको ब्यवस्था नगर पालिकाले गरेको छ।

नगर प्रमुख क्षेत्रीले खयरमारामा मात्रै ५ किलोमिटर सडक कालोपत्रे भई स्तरोन्नती भएको बताउदै खयसमारा र आसपासका स्थानियको स्वास्थ्यलाई मध्य नजरगर्दै खयर मारा स्वास्थ्य चौकीलाई एम्बुलेन्स उपलब्द गराएको जानकारी दिए । उनले बर्दिवासको वडानम्बर ८,१२ र १३ जोडने सडकको स्तरोन्नतीकालागी शहरी बिकास मन्त्रालय अन्तरगतको बजेट अपुग भएकाले थप बजेट बिनियोजनकालागी मन्त्री सिंहसंग आग्रह गरे । क्षेत्रीले आङ्ग+ नो दुई बर्षे कार्यकालमा नगरपालिकाबाट पाएको तलब सुबिधा समेत नलिई आङ्ग+ नो २५ औ बैवाहिक बर्षगाँठको अवसरमा नेपाल रेडक्रस सोसाईटी बर्दिवास उपशाखालाई रगत संकलन भ्यान खरीदकालागी ७ लाख ७७ हजार ७ सय ७७ रुपैयाँ सहयोग गरेका छन ।

नेपाली कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादवको अध्यक्षतामा भएको भेटघाट कार्यक्रममा बर्दीबास नगर पालिकाका नगरप्रमुख प्रहलाद क्षेत्री, कांग्रेस नेता बजरंग नेपाली, नेपाली कांग्रेसबाट निर्वाचित बर्दीबासका वडाध्यक्ष लगायत कांग्रेसका नेता कार्यकर्ताहरूको उपस्थिती र हेको थियो ।

उनिहरुले जिल्लामा कृषि, सिँचाइ, खानेपानी, स्वास्थ्य, बाटोघाटो जस्ता जनतालाई विकाशको प्रत्यक्ष अनुभूति गराउने स्मस्याको बिषयमा उप प्रधान तथा शहरी बिकाश मन्त्री सिंहलाई अबगत गराएको नेपाली कांग्रेस महोत्तरीले जनाएको छ ।


## जनहितमा जारी संदेश

रेल्वेका सम्पुर्ण संरचनाको सुरक्षा र संरक्षण तपाई हाम्रो साँझा दायित्व हो ।



भंगहा– जयनगर खण्डमा सस्तो, सुलभ र भरपर्दो रेल यात्राको लागि हार्दिक स्वागत छौं ॥

**नेपाल रेल्वे कम्पनी लि.**
केन्द्रिय कार्यालय जनकपुरधाम


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट -** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह -** सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या -** समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला -** लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक -** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु -** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मकर -**समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन -**खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# न्यायिक समितिलाई प्रभावकारी बनाउनुपर्छ : अध्यक्ष दत्त

**खबर दर्पण समाचारदाता**

**पुस २० गते, बर्दिवास**

मधेसी आयोगका अध्यक्ष विजयकुमार दत्तले संविधानप्रदत्त अधिकार उपयोग गर्दै देशभरका पालिकाले प्रभावकारी ढङ्गले काम गर्नुपर्ने बताएका छन् । मधेसी आयोग नेपालद्वारा शनिबार आयोजित प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उहाँले स्थानीय तहका विवाद पालिकाका न्यायिक समितिले समाधान गर्नुपर्ने बताएका हुन् । साथै अध्यक्ष दत्तले सक्षम एवं अधिकार सम्पन्न बनाउनेतर्फ पालिका प्रमुख तथा उपप्रमुखले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

आयोगका सदस्य जीवछ साहले मधेसी आयोगको काम कर्तव्य अधिकारबारे जानकारी दिँदै बजेट अभावले आयोगलाई काम गर्न समस्या भएको गुनासो गरे ।

धनुषा जिल्ला अदालतका जिल्ला न्यायाधीश चुरामन खड्काले पालिकाबाट स्थानीयस्तरका झगडा मिलाउँदा अदालतमा मुद्दाको चाप घट्नका साथै न्यायप्राप्तिमा विलम्ब नहुने बताए ।



जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले स्थानीयस्तरका विवाद स्थानीय तहबाटै समाधान गर्नुपर्ने जिकिर गरे । धनुषा जिल्ला प्रहरी कार्यालयका प्रमुख भुवनेश्वर तिवारीले न्यायिक समितिहरूबाट अपेक्षित रूपमा कार्यसम्पादन नहुँदा प्रहरीमाथि थप बोझ परेको गुनासो गरे । प्रशिक्षणमा धनुषाका १८ पालिकाका उपप्रमुख तथा प्रशासकीय अधिकृत र जिल्लाका प्रहरी कार्यालय धनुषाअन्तर्गतका सहायक तथा अधिकृतस्तरका कर्मचारी गरी ५० जना सहभागी थिए । रासस

## चिसोबाट प्रभावितलाई नेपाली ........

वडा नं ४ र ९ मा रहेका मुसहर र डोम समुदायका नागरिकहरूलाई आज नेपाली सेनाको गोरखनाथ गण प्रकौली ब्यारकले मण्डी (कम्बल) वितरण गरेको छ।

यसै क्रममा श्री राम मा.वि. मटिहानीमा आयोजित एक कार्यक्रम बीच मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, निमित्त प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने, नेपाली सेनाको गोरखनाथ गण प्रकौली ब्यारकका प्रमुख सेनानी बिनोद बिकास पाठक,शसस्त्र प्रहरीका एसपी बिनोद के.सी. र राष्ट्रिय अनुसंधान जिल्ला कार्यालय महोत्तरीका प्रमुख सुदिप अधिकारीले संयुक्त रुपमा बितरण गर्नुभयो ।

नेपाली सेनाले प्रत्येक वर्ष चिसोबाट प्रभावित स्थानीयहरुलाई मण्डि बितरण गर्ने कार्यक्रम अन्तर्गत आज मटिहानी नगर पालिका वडा नं ४ र ९ मा रहेका मुसहर र डोम समुदायका १२३ नागरिकहरूलाई सो मण्डि बितरण गरिएको कुरा नेपाली सेनाको गोरखनाथ गण प्रकौली ब्यारकका प्रमुख सेनानी बिनोद बिकास पाठकले बताउनुभयो । उक्त मण्डि बितरण कार्यक्रममा वडा नं.४ का वडा अध्यक्ष अब्दुल गफार राइन, वडा नं.९ का वडा अध्यक्ष मदन चौधरी,प्रहरी चौकी मटिहानीका प्रमुख रोशन लामिछाने,वडा सदस्यहरु समाज सेवी मुसाफिर सहनी लगायतका स्थानीयहरुको उपस्थिति रहेको थियो ।

**शीतलहरबाट बच्ने उपायहरु:**

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आबश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धूम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छँदै प्रशस्त खाने ।
- जाडोबाट बच्न बालेको आगो नजिक होसियार भएर बस्ने ।

मिथिला नगरपालिका

ढल्केवर, धनुषा

**शीतलहरबाट बच्ने उपायहरु:**

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आबश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धूम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छँदै प्रशस्त खाने ।
- जाडोबाट बच्न बालेको आगो नजिक होसियार भएर बस्ने ।

गणेशमान चारनाथ

नगरपालिका, धनुषा

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number

९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जय एलिट कप ट्रफीको तयारी पूरा




**खबर दर्पण समाचारदाता**
**पुस २० गते, जनकपुरधाम**

जनकपुरधाम र वीरगञ्जमा हुने जय ट्रफी (एलिट कप)को तयारी पूरा भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा पुस २१ गतेदेखि माघ ३ गतेसम्म हुन लागेको दुई दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, बागमती प्रदेश र मधेस प्रदेशले प्रतिस्पर्धा गर्नेछन् ।

क्यानका सचिव पारस खडकाले नेपाली क्रिकेटलाई थप मजबुत बनाउनका लागि रेड बल क्रिकेट आवश्यक रहेकाले यो प्रतियोगिताको आयोजना गर्न लागिएको र सम्पुर्ण तयारी पुरा भएको बताए । प्रधानमन्त्री कपमा शिर्षका ४ टोलीलाई समावेश गरेर यो प्रतियोगिताको आयोजना गरिएपनि पूर्वाधारहरु देशको विभिन्न स्थानमा तयार भएपछि यो प्रतियोगितलाई थप विस्तारित बनाइने खडकाले बताए ।

पूर्वाधार तथा आयश्रोतको अभावका कारण कम टिमलाई मात्रै राखेर यो प्रतियोगिताको आयोजना गर्न लागेको बताउँदै खडकाले तिनवटै तहका सरकारलाई खेल मैदान निर्माणमा ध्यान पुर्याउन आग्रह गरे । प्रतियोगिताको उद्धाटन खेल जनकपुरधाममा मधेस प्रदेश र बागमती प्रदेशबिच हुनेछ भने वीर गञ्जको नारायणी क्रिकेट मैदानमा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबिच पहिलो खेल खेलिनेछ ।

हरेक दिन १ सय १ ओभर खेलिने खेलहरू राउन्ड रोबिन आधारमा सञ्चालन हुनेछ, जसबाट शीर्ष दुई टिम फाइनलमा प्रवेश गर्नेछन् । फाइनल खेल माघ १ देखि ३ गतेसम्म हुनेछ। प्रतियोगिता खेल्ने चारै टिमले आफ्नो अन्तिम १५ जनाको टोली घोषणा गरेका छन्।

त्रिभुवन आर्मी क्लबले शनिवार बिहान टोली घोषणा गरेसँगै चारै टोलीले आफ्नो स्क्वायड घोषणा गरेको हो ।

त्रिभुवन आर्मी क्लब विनोद भण्डारीको कप्तानीले खेल्दै गर्दा नेपाल पुलिस क्लब आरिफ शेख, मधेस प्रदेश हरि शङ्कर शाह र बागमती प्रदेश सन्दीप लामिछानेको कप्तानीमा खेल्दै छ । पत्रकार सम्मेलनमा नेपाल क्रीकेट संघका केन्द्रिय उपाध्याक्ष रोशन कुमार सिंह, कोषाध्यक्ष पदम खड्का, मधेश प्रदेश अध्यक्ष सुनिल महासेठ धनुषा अध्यक्ष शोभाकान्त पाण्डे सहितको उपस्थिती थियो ।

# प्रेस चौतारी नेपाल महोत्तरी जिल्ला अधिवेसनको तयारीमा

**खबर दर्पण समाचारदाता**
**पुस २० गते, बर्दिवास**

प्रेस चौतारी नेपाल महोत्तरीले दोस्रो जिल्ला अधिवेसनको तयारी थालेको छ ।

चौतारीआबद्ध महोत्तरीका पत्रकारहरुको आज शनिबार बर्दिबासमा सम्पन्न विस्तारित वैठकले आउने माघ १७ गते बिहीबारका दिन दोस्रो जिल्ला अधिवेशन आयोजना गर्ने निर्णय गरेको हो ।

यसपालि राष्ट्रव्यापि सङ्गठन विस्तार र अधिवेशनको तयारीमा जुटेको चौतारीको आउने फागुनमा १० औं राष्ट्रिय अधिवेसन कोशी प्रदेशको विराटनगरमा गर्ने निर्णय भइसकेको छ । यस क्रममा आउने माघभित्र जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्ने चौतारीको तालिका छ ।

यसै अभियानअर्न्तगत महोत्तरीको दोस्रो जिल्ला अधिवेशन माघ १७ गते गरिने निधो भएको प्रेस चौतारीको महोत्तरी समितिले जनाएको हो ।

चौतारीका पूर्वकेन्द्रीय सदस्य गोपाल बरालको अध्यक्षतामा सम्पन्न बैठकले जिल्ला अधिवेशन व्यवस्थापन उपसमिति र प्रतिवेदन लेखन उपसमिति गठन गरेको छ । प्रतिवेदन लेखन उपसमितिको जिल्ला अध्यक्ष नविन मिश्र प्रियदर्शी र व्यवस्थापन उपसमितिको संयोजकको जिम्मेवारी रामनारायण महतोलाई दिइएको धनवीर महतोले जानकारी दिनुभयो ।

सम्पन्न विस्तारित वैठकले भर्खरै गत मङ्सिर २८ गते सम्पन्न नेपाल पत्रकार महासंघको निर्वाचनको समीक्षा गर्नसँगै केन्द्र र प्रदेशको नेतृत्वमा चौतारीलाई विजयी गराउन आआफ्नो क्षेत्रबाट सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेको छ ।

यसैगरी जिल्लाको निर्वाचनमा जिल्ला सचिबसहितका पदमा विजयी हुनु भएका साथीलाई बधाई ज्ञापन गर्दै बैठकले सबै मतदाताप्रति उच्च सम्मान जनाएको चौतारी महोत्तरी समितिले जनाएको छ


## मिथिला नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेस प्रदेश, नेपाल

**विज्ञापन कर सम्बन्धी १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।**

(दोश्रो पटक प्रकाशित मितिः २०८१/०९/२१ गते)

यस मिथिला न.पा. लाई देहाय बमोजिमको कर संकलन गर्नुपर्ने भएकोले शिलबन्दी दर भाउपत्र आव्हान गरिएको छ।विस्तृत जानकारीको लागि मिथिला नगरपालिकाको वेभसाईटः www.mithilamun.gov.np तथा राजश्व उप-शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**देहायः**

| क.स | ठेक्का नं | खरिद गर्नु पर्ने कामको विवरण | पहिलो वर्षमा न्युनत्तम कर संकलन गर्नु पर्ने (मू.अ.क. तथा अ.आ.कर बाहेक) | जमानत वापतको रकम | सिलबन्दी दरभाउपत्र दस्तुर | समयावधि |
|---|---|---|---|---|---|---|
| १ | MM/SQ/INCOME /01-2081/082 (Re-Bid) | विज्ञापन कर संकलन | रु. ३,००,०००/- (अक्षेरुपी रु.तीन लाख) | कबोल रकमको ५ प्रतिशत | रु.१,०००/- | ३ आर्थिक वर्ष |

प्रमुख प्रशासकीय अधिकृत



खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
**नेपाल आयल निगम लि.** को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :**



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



## शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
## बर्दिवास मेडिकल हल
## स्वस्तीक मेडिको प्रा. लि.

बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६

**बर्दिवासमा पहिलो CT SCAN सेवा**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,